का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १७८
❒ २९ साउन २०७८, शुक्रबार
❒ 13 August 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



चितवनमा पर्यटकलाई वनजंगल घुमाउन निरिक्षणको हात्तीको लस्कर । तस्वीरः नारायण अधिकारी

# भूमिकाअनुसार भाषण

कोरोना विरुद्धको खोप उपलब्धता र महामारी विरुद्धको सतर्कताबारे प्रतिनिधिसभामा सांसदहरुको अभिव्यक्तिबाटै प्रष्ट हुन्छ- कुन सांसद सत्तारुढ हुन्, कुन प्रतिपक्ष । जबकी सांसदहरुले बोल्नुपर्ने हो, जनताको पक्षमा ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन ।

सरकार बदलिएसँगै कोरोना विरुद्धको खोप र महामारी रोकथामका लागि अपनाउनुपर्ने सतर्कताबारे सांसदहरुको बोली समेत फेरिएको छ । प्रतिपक्षी बेञ्चमा पुगेको नेकपा एमालेका सांसदहरुले खोपको उपलब्धताबारे चर्को प्रश्न उठाउँछन् भने सत्तारुढ गठनबन्धनका सांसदहरुले सरकारको बचाउ सहित सम्बोधन गर्ने गर्छन् । बिहीवारको प्रतिनिधिसभाको दृष्य पनि त्यस्तै थियो । सत्तारुढ सांसदहरुले सरकारलाई सचेत गराउने, तर नरम बोलीमा । तर प्रतिपक्षी भने सशक्त रुपमा प्रस्तुत हुने गरे ।

सांसद दिव्यमणि राजभण्डारीले परीक्षणको दायरा बढाउनुपर्ने बताउँदै कोरोनाविरुद्ध लड्न नेपाली कांग्रेसले प्रतिपक्षमा रहँदा उठाएको सर्वदलीय संयन्त्र बनाउने कुराको प्रगतिका बारेमा प्रश्न उठाए । सांसद शेरबहादुर तामाङले एक महिना पहिले र अहिले तथ्याङ्क केही फरक नभएको बताए । सांसद बिमला विकले श्रमिक वर्गलाई खोप दिइनुपर्ने बताउँदै स्वास्थ्य राज्यमन्त्री श्रेष्ठले भने- निजी क्षेत्रसँग सहकार्यमा कुन-कुन विषय समावेश हुन्छ ?

**खोपमा राजनीति**

सांसद् डिला सङ्ग्रौलाले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एक करोड मात्रा खोप ल्याएको भन्नुभएको भन्दै त्यसको भण्डारणको अवस्था के छ भन्दै प्रश्न गरिन् । सांसद सरीता न्यौपानेले कोभिड परीक्षणको गलत रिपोर्ट दिनेलाई कारबाही हुनुपर्ने माग राखिन् ।

सांसद गगनकुमार थापाले कोभिडका कारण परीक्षा रोकिएको तर परीक्षार्थीले कहिले खोप पाउने भन्ने निश्चित नभएको उनको भनाइ छ । जिल्ला प्रशासन कार्यालयले साँझ ८ बजेपछि आवागमन रोकेको भन्दै उनले त्यससम्बन्धी अध्ययनको आधारका बारेमा प्रश्न गरे ।

सांसद रामकुमारी झाँक्रीले ज्येष्ठ नागरिकले दोस्रो मात्रा खोप पाउनुपर्ने र विदेश जानका लागि खोप लगाउन नागरिकले लाममा बस्नुपर्ने बाध्यता हटाएर त्यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिइन् ।सांसद बिन्दा पाण्डेले कोभिड सङ्क्रमणका कारण मानसिक समस्या र हिंसा बढेको बताइन् ।

सांसद कृष्णकुमार राईले आफ्नो क्षेत्रमा म:म पसलमा खोप पाइएको बताए । सांसद निरुदेवी पालले तेस्रो लहरमा बालबालिकालाई जोखिम बढी भएको तर त्यस क्षेत्रमा विशेषज्ञ कम रहेकाले त्यसको तयारीका बारेमा जिज्ञासा राखे । सांसद राजेन्द्रकुमार केसीले पूर्वप्रधानमन्त्रीले आइसकेको भनेको खोपको संख्या र अहिले सरकारले प्रस्तुत तथ्याङ्कमा फरक पाइएको बताए ।

सांसद महेश्वरजङ्ग गहतराजले हिमाली र पहाडी क्षेत्रमा भण्डारणको समस्या देखिएकाले त्यसमा मन्त्रालयले ध्यान दिनुपर्ने बताउनुभयो । सांसद धर्मशिला चापागाईंले मन्त्रालयले विज्ञ राखेर प्राविधक टोली बनाएर सङ्क्रमणविरुद्ध लड्न तयारी गर्नुपर्ने उल्लेख गरिन् ।

# बल्ल-बल्ल गठबन्धन सरकार

नेकपा एमालेका नेता शंकर पोखरेलले पदबाट राजीनामा दिएपछि नेकपा माओवादी केन्द्रका नेता कुलप्रसाद केसी लुम्बिनीमा मुख्यमन्त्री नियुक्त भएका छन् । बिहीबार नै केसीको नेतृत्वमा सात सदस्यीय मन्त्रिपरिषद् समेत गठन भएको छ ।



लुम्बिनीका नवनियुक्त मुख्यमन्त्री कुलप्रसाद केसी मन्त्रीहरु सहित पद तथा गोपनियताको सपथ लिदै । तस्वीरः निरा गौतम

**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, २८ साउन ।

चार महिना लामो रस्साकस्सी, मुख्यमन्त्री विरुद्ध दुई पटक अविश्वासको प्रस्ताव दर्ता, दुई पटक नै निवर्तमान मुख्यमन्त्री शंकर पोखरेलको राजीनामा, सात सांसद पदमुक्त ।

गएको वैशाख यता लुम्बिनी प्रदेशसभामा देखिएको राजनीतिक उतारचबढा उत्तिमै सीमित रहेन । जनता समाजवादी पार्टी (जसपा) विभाजन, साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट निर्वाचित प्रदेशसभा सदस्य बिमला वली तानातान जस्ता दृष्य समेत देखियो । नेकपा एमालेका नेता पोखरेल कुनै हालतमा सरकार नछोड्ने, बरु बद्नामी बेहोर्ने नीतिमा अडिग रहे ।

अल्पमतमै रहँदा पनि उनले पद छोडेनन् । ६ वैशाखमा सत्ता साझेदार नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि नै पोखरेल अल्पमतमा परेका थिए । त्यसबेला एमालेसँग ४१ सांसद मात्रै थियो । जबकी सरकार बनाउन ८७ सदस्यीय प्रदेशसभामा ४४ जना आवश्यक थियो । बाँकी सांसद रहेको नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जजसपा र राष्ट्रिय जनमोर्चाका सांसदहरु मिलेर पोखरेल विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेका थिए ।

तर पोखरेलले जसपाका महन्थ ठाकुर पक्षका चार सांसदलाई मन्त्री नियुक्त गरे । दिउँसो अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका सांसदलाई साँझ

चार महिना लामो राजनीतिक रस्साकस्सी: मुख्यमन्त्री विरुद्ध दुई पटक अविश्वासको प्रस्ताव दर्ता, दुई पटक नै निवर्तमान मुख्यमन्त्री शंकर पोखरेलको राजीनामा, सात सांसद पदमुक्त, मुख्यमन्त्रीविरुद्ध बन्धकको आरोप, बजेट पारित गर्नुपर्ने सांसदहरुबाटै प्रदेशसभा बहिष्कार, अध्यादेशबाट बजेट ।

मन्त्रीको शपथ गराए । यसले पनि पोखरेलको पद सुरक्षित हुन सकेन । एमालेकै सांसदहरु दृगनारायण पाण्डेय र अमर डाँगीले राजीनामा दिए । बिमला वलीले माओवादी रोजिन् । अब एमालेसँग ३८ सांसद मात्रै रह्यो ।

जसपाको वैधानिकता उपेन्द्र यादवले पाए । पोखरेल नेतृत्वको सरकारमा सहभागी तीन सांसदलाई पदमुक्त गरियो । एमाले प्रवेश गरेपछि माओवादी केन्द्रका दुई सांसद दधिराम शर्मा न्यौपाने र दिनेश पन्थी पदमुक्त भए । यस्ता राजनीतिक घटनापछि पोखरेलले १९ वैशाखमै राजीनामा दिएका थिए । तर त्यसैदिन फेरि ठूलो दलको हैसियतमा भन्दै पोखरेलले जबर्जस्ती शपथ लिए ।

प्रदेश प्रमुख धर्मनाथ यादवले मुख्मन्त्रीकै कार्यालयमा गएर एमालेको लेडरप्याडमा पोखरेललाई नियुक्ति दिए । तर उनले बजेट ल्याउन सकेन । विपक्षीमा बहुमत भएपछि बजेट पारित गराउनुपर्ने एमालेले नै प्रदेशसभा बहिष्कार गरे । यसपछि मध्यरातमा प्रदेशसभा अन्त्य गर्दै अध्यादेशबाट पोखरेलले बजेट ल्याए । तर कुनै प्रयास गर्दा पनि बहुमत जुटाउन नसकेपछि पोखरेलले बुधबार राजीनामा दिएका थिए । उनको राजीनामा पछि माओवादी केन्द्रका नेता कुलप्रसाद केसीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । नवनियुक्त मुख्यमन्त्री केसी सहित ६ मन्त्रीले बिहीबार साँझ शपथ र पदभार ग्रहण गरे ।

प्रदेश प्रमुख कार्यालयमा संविधानको धारा बाँकी पृष्ठ २ मा


# अफगानिस्तानबाट कामदार फर्काउन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

वैदेशिक रोजगारीका लागि अफगानिस्तानमा रहेका नेपालीहरुलाई तत्काल उद्धार गरेर स्वदेश फर्काउन संसदमा आवाज उठेको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा पूर्व स्वास्थ्यमन्त्री एवं प्रमुख प्रतिपक्षी दल एमालेका साँसद खगराज अधिकारीले हिंसाग्रस्त अफगानिस्तानमा वैदेशिक रोजगारीका लागि गएका युवाहरु गम्भीर संकटमा रहेको बताए ।

उनले भने, 'हिंसाग्रस्त अफगानिस्तानमा नेपालीहरु चरम पीडामा छन्, उनीहरुले तत्काल उद्धार 'रेस्कयू'को अर्तनाद गरिरहेका छन् । नेपालीलाई रेस्क्यू गरेर नेपाल नफर्काउँदासम्म सरकारले संसदमा काम गर्न सक्ने छैन । तुरुन्त फर्काइयोस् ।'

अमेरिकाले आफ्ना सेना फिर्ता बोलाएपछि हाल विद्रोही तालिबानले अफगानिस्तानका विभिन्न प्रान्तीय राजधानीहरु आफ्नो नियन्त्रणमा लिइरहेका खबर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुमा आइरहेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानबाट सेना फिर्ता गरेकोमा पछुतो नभएको बताए पनि तालिबानले अफगानिस्तानका



**वैदेशिक रोजगार विशेष**

पाँचवटा क्षेत्रीय राजधानी नियन्त्रणमा लिएको छ । अमेरिका र बेलायतले तत्काल अफगानिस्तान छाड्न आफ्ना नागरिकलाई आग्रह गरेका छन् । तालिबान बन्दुकधारीहरूले काबुलको सबैभन्दा सुरक्षित मानिने ग्रीन जोनस्थित रक्षामन्त्रीको निवासमा कार बम हमला गरेका छन् ।

अफगानिस्तानका सैनिक जेनरल सामी सदातले दक्षिणी हेलमन्द प्रान्तमा तालिबान लडाकुविरुद्ध जारी लडाईंको नेतृत्व गरिरहेका छन् तर उनले तत्काल लडाईंको मोर्चामा जित हासिल गर्नेबारे केही बताउन सकेका छैनन् ।

अफगानिस्तानको ग्रीनजोनमा रहेका विदेशी दूतावासमा नेपालीहरु कार्यरत छन् । विगतमा उनीहरु स्थानीय तालिबान चरमपन्थीहरुको आक्रमणमा पर्ने गरेका थिए । वैदेशिक रोजगार विभागका अनुसार हालसम्म अफगानिस्तानमा रोजगारीमा जानका लागि १३ हजार ९ सय ९० जनाले श्रम स्वीकृति लिएका छन् भने गत वर्ष मात्रै १ हजार ७३ जनाले श्रम स्वीकृति लिएर गएका थिए । नेपालबाट शुरूमा कतार र यूएईलाई आधार बनाएर युवालाई लगिने र त्यहाँबाट मानव तस्करहरुले विमानस्थलका कर्मचारीसँग सेटिङ मिलाएर अफगानिस्तान पठाउने गरेका छन् । त्यसका कारण अफगानिस्तानमा कति नेपाली छन्, स्पष्ट नभएको बताउने गरिएको छ ।

सन् २०१६ मा अफगानिस्तानमा भएको आत्मघाती विष्फोटमा करिब डेढ दर्जन नेपाली सुरक्षागार्डको मृत्यु भएको थियो । भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासले अफगानिस्तान मामिला हेर्दै आएको छ । हालसम्म अफगानिस्तानमा रहेका नेपाली सुरक्षित नै रहेको बताएको दूतावासले अफगानिस्तानका अधिकारीहरुसँग प्रत्यक्ष सम्पर्क गर्न नसकिरहेको र नेपालीहरुमाथि संकट आए उद्धाका लागि भारतको मुख ताक्नु बाहेक अर्को विकल्प नरहेको बताइएको छ ।

बिहीबार साँझ अफगानिस्तान सरकारको उच्च श्रोतलाई उल्लेख गर्दै अलजजिराले शक्ति बाँडफाँड गरी सरकारमा सहभागी हुन विद्रोही तालिबानलाई आग्रह गरेको उल्लेख गरेको छ । तर त्यस बारेमा निरन्तर जित हासिल गर्दै आएको विद्रोही पक्षको प्रतिक्रिया नआउँदा असुरक्षाको वातावरण यथावत रहेको बताइएको छ ।

# जिल्ला सभापतिहरू नै विभाजित

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २८ साउन ।

प्रमुख विपक्षी दल नेपाली काँग्रेसभा जिल्ला सभापतिहरु समेत विभाजित भएका छन् । ४७ जिल्लाका सभापतिहरुको दुई दिने भेला सकिएको पर्सिपल्टै बिहीबार २२ जिल्ला सभापतिको भेला भएको छ । संस्थापन इतर समूहका सभापतिहरुको मंगलवार भेला सकिएको थियो । उक्त भेलाले पार्टीको वैधानिकता जोगाउन मूलतः दुई विकल्प अगाडि बढाएको थियो ।

उनीहरुले क्रियाशील सदस्यता विवाद कायमै रहेकाले 'फास्ट ट्र्याक' बाट पारदर्शी तरिकाले क्रियाशील सदस्यता टुंग्याएर भदौभित्रै महाधिवेशन सक्नुपर्ने विकल्पलाई प्राथमिकता दिएका छन् । अर्को विकल्पमा भने १३औं महाधिवेशनकै प्रतिनिधिहरुले विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

यो छलफलमा ३८ जिल्ला सभापति र भर्चुअल माध्यमबाट १७ जिल्लाका सभापतिको सहभागिता थियो । तर बिहीबार संस्थापन पक्षका जिल्ला सभापतिहरुले भेला गरेका छन् । सभापति शेरबहादुर देउवा निकट जिल्ला सभापतिहरुको भेलाले भने महाधिवेशन आवश्यक भएको र विशेष महाधिवेशन स्वीकार्य नभएको निष्कर्ष निकालेको छ ।

राजधानीमा उपलब्ध २२ जिल्लाका सभापतिको भेलाले संस्थापन इतर समूहका जिल्ला सभापतिहरुको भेलाले शीर्ष नेता तहबाटै विशेष महाधिवेशनको मागका सम्बन्धका आवाज सुनिनु दुःखद् भएको निष्कर्ष समेत निकालेको छ । काँग्रेसमा निर्धारित मितिमा महाधिवेशन गर्न नसकिने अवस्था उत्पन्न भएमा विशेष महाधिवेशन गरेर भए पनि पार्टीको वैधानिकता जोगाउनुपर्ने केही नेताहरूले राखेको धारणाप्रति जिल्ला सभापतिको यस्तो निष्कर्ष निकालेका छन् ।

भेलाले पार्टीको क्रियाशील सदस्यता छानविन समितिले टङ्गो लगाएका क्रियाशील फाइलबाहेक विवादमा आएका बारा, सप्तरीलगायत जिल्लाको फाइल मात्र खोली बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A reputed manpower company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

*(Attractive Salary)*

ACCOUNTANT (Experience in Manpower Field -FEMALE) 1 Nos
RECEPTATION (Experience in Photoshop, Good English -FEMALE) 1 Nos
RUNNER (Bike License -MALE) 1 Nos
DOCUMENTATION 1 Nos
(Experience in Manpower field, Good English, Well Known about Saudi Arabia Documentation-FEMALE)
(Interview will be Direct at Office in Sinamangal)

Govt. License No.: 1307/074/075

**Tokiyo Overseas Pvt. Ltd.**
Sinamangal -09|Near Airport |Kathmandu|Nepal
Tel. No.: +977-14494008, 014497178
Mobile: 9802145670/9802045671
Email: tokiyomanpower.2020@gmail.com

# ६ लेन सडकमा जोडिँदै अत्तरिया–धनगढी

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २८ साउन

सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढी मोहना पुलदेखि स्थायी राजधानी अत्तरिया (गोदावरी) सम्म ६ लेन सडक निर्माण अन्तिम चरणमा पुगेको छ । प्रदेशको प्रमुख व्यापारिक शहर धनगढी हो भने ७ पहाडी जिल्लाको प्रवेश मार्ग अत्तरिया । १९ वडा रहेको धनगढी उपमहानगरका र १२ वडा रहेको गोदावरी नगरपालिका (अत्तरिया) लाई ६ लेन सडकले जोड्न लागेको हो ।

धनगढीको मोहना पुलदेखि गोदावरीको अत्तरिया चोकसम्म साढे १४ किलोमिटर ६ लेन सडक निर्माणले गति लिएसँगै अत्तरियाबाट घर तथा व्यावसायिक प्रयोजनका भौतिक संरचना दक्षिणतर्फ अर्थात धनगढी रोडतिर विस्तार क्रम बढेको छ । धनगढी चौराहबाट उत्तरतिर अर्थात् अत्तरिया रोडतिर बढेपछि धनगढी र अत्तरिया बजार जोडिन पुगेको हो ।

धनगढी र अत्तरिया बजारमा केन्द्रित विभिन्न कम्पनीका जीप, कार, अटो, मोटरसाइकललगायत सोरुम अत्तरियाबाट दक्षिण (धनगढी) तिर र धनगढीबाट उत्तरी (अत्तरिया) तिर विस्तार हुन थालेपछि धनगढी र अत्तरिया बजार एकआपसमा जोडिन पुगेको कैलाली उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष दिनेशराज भण्डारीले मध्यान्हलाई बताए ।

यसअघि धनगढीबाट अत्तरिया पुग्न करिब आधा घन्टा लाग्थ्यो भने ६ लेन सडक



निर्माणपछि १५ मिनटमै अत्तरियाबाट धनगढी पुग्न सकिनेछ ।गोदावरी नगरपालिका-५, ६ लेन सडक किनारमै सुविधासम्पन्न गेटा मेडिकल कलेज पूर्वाधार निर्माणले गति लिएपछि जग्गाको मूल्य अकासिनुका साथै प्रतिकठ्ठा घडेरीको मूल्य १ करोड रुपैयाँभन्दा बढी पुगेको छ ।

धनगढी र अत्तरिया बजार क्षेत्रको भन्दा राजपुर, मोहनपुर, गेटा र तल्लो अत्तरिया क्षेत्रको घर-घडेरीको मूल्य बढेको छ । 'गेटा-मनहेरा पुलसम्म तीन-चार वर्षअघिसम्म जंगल थियो । साँझ ६-७ बजे एक्लै हिँड्न डर लाग्थ्यो', स्थानीय मनोज रानाले मध्यान्हसँग भने, 'तर ६ लेन सडक, गेटा मेडिकल कलेज निर्माणले तीव्रता पाएसँगै सडक दायाँबायाँ घर तथा व्यावसायिक प्रयोजनका आवास बनेपछि यी स्थान गुलजार भए ।'

६ लेन सडकमा ८० किलोमिटर प्रतिघन्टाका दरले सवारी कुदाउन सकिने योजनाको डिजाइनमा उल्लेख छ । उक्त सडकको दुवै साइडतिर तीन-तीन मिटर फुटपाथ रहने डिजाइन गरिएको छ । धनगढी र अत्तरियालाई एकआपसमा गाभेर महानगरपालिका बनाउनुपर्ने बहस पनि चल्न थालेको छ । अस्थायी राजधानी धनगढी र स्थायी राजधानी घोषणा गरिएको गोदावरी नजिकै रहेको व्यापारिक केन्द्र अत्तरिया एउटै सहर र नगरजस्तै जोडिएकाले महानगरपालिका बनाउने आधारलाई बलियो बनाएको सरोकारवाला बताउँछन् ।

हाल सुदूरपश्चिम प्रदेशभित्र एउटै महानगरपालिका नभएको अवस्थामा यी दुई नगर तथा शहरलाई जोडेर महानगरपालिका बनाउन सकिने कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुवँरले मध्यान्हलाई बताए ।

## नाग पञ्चमी पर्व मनाइँदै

**काठमाडौं/मस-** साउन शुक्ल पञ्चमीका दिन नागस्थानमा दूध, दुबो, जल चढाएर धूपधुवाँर गर्दै नाग पञ्चमी पर्व मनाइँदै छ ।

शास्त्रमा अनन्त, वासुकी, तक्षक, कुलिर, कर्कोटक, शंख, पद्म, महापद्म गरी ८ नागको विशेष महत्व रहेको वर्णित छ । नाग पञ्चमीका दिन नागको तस्बिरलाई घरको मूल प्रवेशद्वारमा टाँसेर अर्चना गर्दै यी नागप्रति श्रद्धा व्यक्त गर्ने प्रचलन छ । काठमाडौं उपत्यकामा भचाखुसीस्थित घोडेनाग, गल्कोपाखा ठमेलको हरिनाग, टुँडिखेल सुन्धारा छेउको मीननाग, इटुम्बहालको जलनाग, टेकुको टेकुनाग, थानकोटको नागढुंगा, धापाखेलको नागदह, चोभारपारि टौदह, नक्साल नागपोखरी र चाँगुनारायण नगरपालिका-८, कलमसीस्थित कल्पेश्वर नागमा विशेष रूपमा पूजाअर्चना गर्ने प्रचलन छ ।

वैज्ञानिक रुपमा प्रकृतिमा भएका विषालु पदार्थलाई नाग, सर्पलगायतका जीवले शोषण गरी मानवलगायत अन्य जातिलाई विषालु पदार्थको प्रभाव पर्न नदिने अनुसन्धानबाट पुष्टि गरेपछि ऋषिमुनिले नागजातिको पूजाआजा गर्ने रीत बसालेको विश्वास छ ।

यसैगरी, पोखरा महानगरपालिका-१७ स्थित म्यूजियम मार्गमा स्थापना गरिएको नाग मूर्तिको विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको छ । स्थानीय धार्मिक व्यक्तित्वको सक्रियता एवं विभिन्न संघ संस्था, उद्योगी व्यवसायीको सामूहिक प्रयासबाट निर्माण गरिएको नागथानमा पाँच शिर भएका नागले शिवलिङ्गलाई वेरिएको नागमूर्ति स्थापना गरि प्राणप्रतिष्ठा गरिएको हो ।

# कुस्ती खेलाडी बैरागीको हत्यामा संलग्न पक्राउ

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २८ साउन

कुस्तीका राष्ट्रिय खेलाडी उपेन्द्र दास बैरागीको हत्या आरोपमा फरार रहेका एक अभियुक्त पक्राउ परेका छन् । साबिक प्रेमपुर गोनाही गाविस वाड नं १ का ५० वर्षीय उपेन्द्र दास बैरागीको २०६८ असार २३ गते गौरको जिल्ला अदालत नजिकैको गोली हानी हत्या भएको थियो ।

घटनाको १० वर्ष पछि प्रेमपुर गोनाही गा.वि.स. वडा नं. ३ हाल देवाही गोनाही नगरपालिका वडा नं. ७ बस्ने जगदेव हजराको छोरा सोनफी पासवान भन्ने सोनफी हजरा पक्राउ परेका हुन् ।

कर्तब्य ज्यान मुद्दाका फरार हजरालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक नारायण प्रसाद



चिमोरियाले जानकारी दिएका छन् । दश वर्ष देखि फरार रहेका हजारालाई गौर नगरपालिका वडा नं. ५ सडक खण्डमा हिलडुल गरी रहेको अवस्थामा पक्राउ गरेको चिमोरियाले बताए । उपेन्द्रदास बैरागी (यादव) ले सन् १९९९ नेपालमा भएको आठौं साफ खेलकुदमा कुस्ती तर्फको खेलमा देशलाई काश्य पदक दिलाएका थिए । देशको नाम राखेको भन्दै तत्कालीन प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराई लगायत विभिन्न व्यक्ति तथा संस्थाले काठमाण्डौंमा उनको सम्मान गरेको थियो । यसै क्रममा २०५६ पुस ४ गते उनलाई गोरखा दक्षिणबाहुबाट पनि सम्मानित गरिएको थियो । पीडित परिवारका अनुसार २ जना अझैं फरार रहेको र उनीहरु गाउँमा बस्दै आएको बताएका छन् । माओवादी पार्टीका समर्थक रहेका दुवै जना गाउँमा निर्धक्क रुपमा घुमफिर गर्ने गरेकोले उनीहरुलाई पनि पक्राउ गर्नुपर्ने परिवारले माग गरेका छन् । बैरागीको योगदानलाई कदर गर्दै पीडित परिवारलाई क्षतिपूर्ति स्वरुप १० लाख रुपैयाँ उपलब्ध गराउने सरकारले निर्णय गरेपनि पीडितले हालसम्म उक्त रकम पाउन सकेका छैनन् ।

# युवा दिवसको अवसरमा सैनामैनामा वृक्षरोपण

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २८ साउन

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा सैनामैना नगरपालिकामा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । गोरखनाथ सामुदायिक सिकाइ केन्द्रको आयोजना तथा मेचीमहाकाली बुहारी संयुक्त आवाजको सह-आयोजनामा सैनामैना नगरपालिका- ६ पटनामा वृक्षरोपण गरिएको हो ।

कार्यक्रममा बोल्दै सैनामैना नगरपालिकाका नगरप्रमुख चित्रबहादुर कार्कीले हरितपूर्ण नगर बनाउन यस्ता कार्यक्रमले टेवा पुग्ने बताए । सैनामैनामा वृक्षरोपणका क्षेत्रमा भएका निरन्तरको प्रयासका कारण सैनामैना निकट भविष्यमै स्वास्थ वातावरणयुक्त हरियाली सहर बन्ने नगरप्रमुख कार्कीले बताए । सैनामैना भित्रका सबै युवाहरुलाई समेटेर नगरपालिका अगाडी बढ्ने प्रमुख कार्कीले बताए । कार्यक्रममा टिक, सिसौं लगायतका विभिन्न प्रजातिका वृक्षका विरुवाहरु लगाइएको थियो । जसमा राष्ट्रिय युवा परिषद् सैनामैनाको १ देखि ११ सम्मका परिषद्का कार्यसमितिहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

सम्पुर्ण वडाको प्रतिनिधित्व गर्दै सैनामैना ४ का युवा परिषद् क्लवका अध्यक्ष बिष्णुबहादुर फौदारले नगरपालिकाले नगर भित्रका सम्पूर्ण युवालाई समेट्ने गरी काम गर्नुपर्ने बताए । सम्पूर्ण युवालाई समेट्ने प्रयास गरेमा नगरपालिकालाई सबै प्रकारको साथ दिन युवाहरु तयार रहेको फौदारले बताए ।

गोरखनाथ सामुदायिक सिकाइ केन्द्रकी अध्यक्ष लक्ष्मी पाण्डेको अध्यक्षता तथा सैनामैना नगरपालिकाका नगर प्रमुख चित्रबहादुर कार्कीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सैनामैना नगरउपप्रमुख बिना रानाको विशिष्ट आतिथ्यता, अन्य जनप्रतिनिधि, नेपाली कांग्रेस रुपन्देहीका उपसभापति फणिन्द्र प्रसाद शर्मा, माओवादी केन्द्रका सैनामैना इन्चार्ज मान बहादुर महत , नेकपा एमाले नगर संयोजक खुसीराम चौधरी, हेमराज अर्याल, नेकपा एमाले सैनामैना अध्यक्ष चेतनारायण न्यौपाने लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, ११ वटा युवा परिषदका सम्पूर्ण कार्यसमिति, सुरक्षाकर्मी, पत्रकार लगायतको सहभागिता थियो ।

# गेटा मेडिकल कलेज सुदूरपश्चिमाञ्चल विश्वविद्यालय मातहतमा ल्याउन दबाव

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २८ साउन

विद्यार्थी संगठनले गेटा मेडिकल कलेजलाई सुदूरपश्चिमाञ्चल विश्वविद्यालय मातहत ल्याएर सञ्चालनमा ल्याउन सरकारलाई संयुक्त रुपमा दबाव दिएका छन् । विद्यार्थी संगठनहरु मेडिकल कलेज सञ्चालनका लागि प्रधानमन्त्री शेर बहादुर देउवासम्म पुगेका छन् ।



सात विद्यार्थी संगठनले बिहीबार प्रमुख जिल्ला अधिकारी राम प्रसाद पाण्डेमार्फत प्रधानमन्त्री देउवालाई मागपत्र पठाएका हुन् । स्थानीय प्रशासन मार्फत पठाएको मागपत्रमा कलेजलाई विश्वविद्यालयलाई मातहत ल्याएर आगामी वर्षदेखि पठनपाठन सञ्चालन गर्न माग गरिएको छ ।

'प्रस्तावित मेडिकल कलेज लाई तत्काल छिटोभन्दा छिटो सु.प. विश्वविद्यालय अन्तर्गत ल्याएर शैक्षिक कार्यक्रम संचालनको नमूना तयार गरि आगामी वर्ष देखि प्रारम्भिक चरणको अध्ययन-अध्यापन सुचारु गर्न राज्य संग जोडदार माग गर्दछौं' विद्यार्थी संगठनले प्रधानमन्त्री देउवालाई पठाएको मागपत्रमा भनिएको छ ।

कैलालीको गेटास्थित मेडिकल कलेजलाई प्रतिष्ठान बनाउने छलफल पनि थालिएका छन् । विद्यार्थी संगठनहरु प्रतिष्ठान नभएर सुदूरपश्चिमाञ्चल विश्वविद्यालय मातहत ल्याउन पर्ने देखिएका छन् ।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय २०६६ मा घोषणा गरिएको थियो । सिद्धनाथ विज्ञान क्याम्पस र सिद्धनाथ बहुमखी क्याम्पसलाई मिलाएर विश्वविद्यालय बनाउने माग २०५५ देखि हुँदै आएको थियो । विद्यार्थी संगठनले मेडिकल सञ्चालनमा सरकार उदासिन देखिएको आरोप लगाएका छन् । 'हालसम्म पनि मेडिकल कलेज सञ्चालनको सन्दर्भमा राज्यले देखाएको उदासिनताले हामी सबै चिन्तित छौ' मागपत्रमा भनिएको छ,'प्रस्तावित गेटा मेडिकल कलेजको प्रक्रिया अघि बढाउने सन्दर्भमा शैक्षिक कार्यक्रम संचालनको मोडेल अझै तयार भएको छैन । अहिले आएर मेडिकल कलेजको रुपमा अगाडि बढाउने वा छुट्टै स्वायत्त प्रतिष्ठान बनाएर सञ्चालन गर्ने भन्ने विषय छलफल भएको देखिन्छ ।' प्रधानमन्धी देउवालाई बुझाएको मागपत्रमा शैक्षिक कार्यक्रम सञ्चालनको नमूना तयार गरी आगामी वर्ष देखि प्रारम्भिक चरणको पठनपाठन सञ्चालन गर्न माग गरिएको छ ।

अनेरास्ववियुका केन्द्रीय सचिव गणेश सिंह ऐरी, नेपाल विद्यार्थी संघका निवर्तमान केन्द्रीय सह महामन्त्री अच्युतराज कलौनी, समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सचिव भरत लिसानी, अखिल (क्रान्तिकारी) का सेती महाकाली संयोजक विरेन्द्र शाह, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, सुदूरपश्चिम प्रदेश इन्चार्ज तथा केन्द्रीय उपाध्यक्ष उमेश विष्ट, अखिल (क्रान्तिकारी) का सुदूरपश्चिम प्रदेश प्रदेश कार्य वाहक संयोजक पुष्कर जोशी, वैज्ञानिक समाजवादी विद्यार्थी संगठन, सुदूरपश्चिम प्रदेश संयोजक द्रोणाचार्य अवस्थी र अखिल (छैठौं) प्रदेश सदस्य पुष्कर भट्टले मागपत्र हस्ताक्षर गरेका छन् ।

# बागमती प्रदेश तरुण विभाग सह–संयोजकमा घिमिरे मनोनित

**मकवानपुर/मस-**नेपाली कांग्रेसका युवा नेता तथा मकवानपुर काठमाण्डौं सम्पर्क समितिका उपाध्यक्ष तेज प्रसाद घिमिरे तरुण विभागको बागमती प्रदेश सह-संयोजकमा मनोनित भएका छन् । नेपाल तरुण विभागको केन्द्रीय निर्णय अनुसार उनलाई विभागको बागमती प्रदेश सह-संयोजकमा मनोनित गरिएको हो । मकवानपुर जिल्ला स्थायी घर भएका घिमिरेलाई पूर्वमन्त्री एवम् तरुण विभागका प्रमुख शंकर भण्डारीले मनोनित गरेका हुन् ।

सह-संयोजक घिमिरेले तरुण विभाग बागमती प्रदेशलाई अझै गतिशील तुल्याई युवाको हितका लागि उल्लेख्य काम गर्ने बताएका छन् । उनले युवाको चौतर्फी विकास गर्ने कार्यक्रम ल्याइने, स्वदेशमै रोजगारीको अवसर सृजना गर्न तथा उद्यमशील बनाउन विभिन्न शिपमुलक तामिलको व्यवस्था गर्न पहल गरिने बताए । विभागले आगामी दिनमा पनि समाजमा भएका विकृति विसंगतिविरुद्ध आवाज उठाउँदै समाजको समूचित विकासका लागि डटेर काम गर्ने उनले बताए ।

## बल्ल-बल्ल...

१७२ अनुरूप प्रदेश प्रमुख अमिक शेरचनले मुख्यमन्त्री केसीलाई सपथ गराए । यसअघि दिउँसो तीन बजे प्रदेश प्रमुख शेरचनले केसीलाई संविधानको धारा १६८(२) अनुसार ४ दलीय गठबन्धनको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त गरेका थिए ।

दुई वा दुईभन्दा धेरै दलको समर्थनमा नियुक्त भएका मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । केसीले ४१ सदस्य रहेको नेपाली काङ्रेस, नेकपा(माओवादी केन्द्र), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धनले केसीको नेतृत्वमा नयाँ सरकारका लागि दाबी पेश गरेका थिए । केसी रोल्पा १ (क) बाट प्रदेशसभामा निर्वाचित भए । लुम्बिनीमा कांग्रेसका १९, माओवादी केन्द्रका १८, जसपाका ३ र जनमोर्चाका १ सांसद छन् । एमालेका अजय शाहीले पनि सरकारमा भाग लिएकाले अब एमालेसँग ३७ रहेका छन् ।

## जिल्ला...

विधानसम्मत निर्णय गर्न अनुरोध गरेको ललितपुर काँग्रेसका सभापति मदनबहादुर आमात्यले बताए ।

भेलाले सहमति, लोकतान्त्रिक विधि, कानून र संविधानसँग नबाझिने गरी महाधिवेशन कसरी गर्ने भन्नेमा केन्द्रित भएर निर्णय गर्नसमेत पार्टीलाई अनुरोध गरेको छ । अन्य पार्टीबाट काँग्रेसमा प्रवेश गरेका सदस्यको समायोजनका सम्बन्धमा वडादेखि सबै तहबाट स्वीकृत भई आएको र काम सकिएको फाइल फेरि खोल्नुपर्छ भनी बखेडा झिक्नु महाधिवेशन हुन नदिने बहाना भएको जिल्ला सभापतिको निष्कर्ष छ ।

भेलाले विसं २०७४ को निर्वाचनमा केन्द्र र प्रदेशमा अनपेक्षित हार व्यहोरेको काँग्रेसले केन्द्रीय सभापति शेरबहादुर देउवाको राजनीतिक सुझबुझ, धैर्यता र समयानुकूल निर्णयका कारण चुनावको ४० महिनापछि नै केन्द्रमा नेतृत्व सहित र विभिन्न प्रदेशमा समेत सरकारमा सामेल हुन सफल भएको निष्कर्ष निकालेको छ । छलफलको निष्कर्षसहित आज केन्द्रीय सभापति शेरबहादुर देउवालाई ध्यानाकर्षण गराइएको उनले बताए ।

**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**बकुलहर रत्ननगर अस्पताल**
**बागमती प्रदेश**
**रत्ननगर -२, चितवन, नेपाल**

**बोलपत्र सम्बन्धि सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०४/२९)**

आ.ब.०७८/०७९ मा यस अस्पतालको फार्मेसी संचालनको लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य (सर्जिकल) सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विक्रेता तथा ब्यवसायीहरुले रितपूर्वकको बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website– www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक शर्तहरु -**

१) बोलपत्र खरिद तथा पेश गर्नको लागि आ.व.२०७८/०७९का लागि कार्य गर्न पाईने नविकरण भएको इजाजतपत्र दर्ता, फर्म संस्था वा कम्पनी दर्ता प्रमाणपत्रहरु, मु.अ.कर दर्ता प्रमाणपत्र वा स्थाई लेखा दर्ता प्रमाणपत्र, आ.व.०७७/०७८ कर चुक्ताको प्रमाणपत्र पेश गर्नुपर्ने छ । तपशिल अनुसारको बोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस अस्पतालको रा.बा.बैंक रत्ननगरमा रहेको खाता नं.०४८००१०१०१३३४२००००१ मा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ ।

२) बोलपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम रत्ननगर नगरपालिका, रत्ननगर, चितवनको रा.बा.बैंक रत्ननगरमा रहेको धरौटी १८३०१००३०३००००३ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (क) वर्गको बैंकबाट यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्ने छ ।

३) बोलपत्र बिक्रि गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य विदाको लगतै पछी कार्यालय खुलेको दिनको सोहि समयमा हुनेछ ।

४) सर्जिकल तथा औषधीजन्य सामाग्रीहरुको Molecule खुल्ने गरी गुणस्तरीयताको आधारमा औषधी तथा औषधिजन्य (सर्जिकल) सामग्रीको ठेक्का नं ३,०७८/०७९ को हकमा ३ वटा फरक फरक दररेट पेश गर्न सकिनेछ ।

५) फार्मेसी संचालन निर्देशिका अनुसार गठित थेराप्युटिक कमिटिले आवश्यकताअनुसार गुणस्तरीयको आधारमा कुनै खास ब्राण्डको औषधी स्विकृतीको सिफारिस गर्न सक्नेछ ।

६) बोलपत्रदाताले औषधिको हकमा कम्पनि र MRP अनिवार्य रुपमा खुलाउनु पर्नेछ, बोलपत्रमा भरिएका औषधिहरुको सोहि औषधि कम्पनीहरुको को Manufacturer Authorization Letter पेश गर्नुपर्नेछ , अन्यथा बोलपत्रमुल्याङ्कनमा समावेश गरिने छैन ।

७) रित पूर्वक प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने अधिकार अस्पतालमा सुरक्षीत हुनेछ ।

८) बोलपत्र सम्वन्धि अन्य विस्तृत जानकारी (सूचना), शर्तहरु बोलपत्र साथ संलग्न राखिएको ब्यहोरा जानकारी गराईन्छ ।

९) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०) विस्तृत जानकारीको लागि यस कार्यालयमा वा सूचना अधिकारि श्री राजकुमार घिमिरेको फोन नं. ९८५५०३१०८५ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल:**

| सि.नं. | ठे. नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २,०७८/०७९ | फार्मेसी संचालनको लागि औषधी तथा औषधीजन्य (सर्जिकल) सामान सप्लाई कार्य | ५,५०,०००.०० | ३०००। | ३० औं दिनको बेलुका ५।०० बजे | ३१ औँ दिनको १२।०० बजे | ३१ औँ दिनको २।०० बजे | |
| २ | ३,०७८/०७९ | फार्मेसी संचालनको लागि औषधी तथा (सर्जिकल) सामान सप्लाई कार्य | ७,५०,०००.०० | ५०००। | ३० औं दिनको बेलुका ५।०० बजे | ३१ औँ दिनको १२।०० बजे | ३१ औँ दिनको २।०० बजे | |

(बरिष्ठ मेडिकल सुपेरिटेंडेन्ट)

### इटहरीका मेयरलाई कार्यालय प्रवेशमा रोक !

# आचरण सुधार्न कांग्रेसको चेतावनी

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २८ साउन

खोलाको जग्गा मिचेर घर बनाएको भन्दै स्थानीयलाई कार्यकक्षमा थुनेर विवादमा तानिएका इटहरीका मेयर द्वारिकलाल चौधरीलाई आफ्नो अशोभनीय हर्कत सुधार्न नेपाली कांग्रेस इटहरीले सुझाव दिएको छ ।

बिहीबार उपमहानगर अगाडी दर्जनौं संख्यामा भेला भएका कांग्रेसका कार्यकर्ताहरूले इटहरीका मेयरविरूद्ध आन्दोलनको घोषणा गर्दै बुधबार भएको घटनाप्रति घोर भत्सना गरेको छ ।

कांग्रेसका कार्यकर्ताहरुले मेयर चौधरीलाई कार्यकक्षमा प्रवेश गर्न समेत रोक लगाएका छन् । सार्वजनिक रुपमा माफि नमागेसम्म मेयरलाई कार्यकक्षमा प्रवेश गर्न नदिने कांग्रेसका कार्यकर्ताहरुले अडान लिँदै आएका छन् ।

कार्यकाल सकिन केहि महिना मात्रै बाँकि रहँदा सार्वजनिक जग्गा खोजी गर्ने भन्दै स्थानीय नागरिकलाई अनावश्यक दु:ख दिने काम मेयरबाट भएको कांग्रेसले निष्कर्ष निकालेको छ ।

इटहरी ४ आइतबारेस्थित स्थानीय यामप्रसाद ढकाललाई बुधबार ऐलानी जग्गा



मिचेर घर बनाएको भन्दै मेयर चौधरीले कार्यकारी अधिकृतको कोठामा ३ घण्टा थुनेका थिए ।

सोहि घटनाको विरोध गर्दै इटहरी कांग्रेसले मेयर द्वारिकलाल चौधरीलाई आफ्नो आचरण सुधार्न चेतावनी समेत दिएको छ ।

पदको मर्यादा नहेरी कानूनी राज्यको खिल्ली उडाएकोले उपमहानगर परिसरमा भेला भई मेयरविरूद्ध आन्दोलन गर्नुपरेको नेपाली कांग्रेस इटहरी सभापति हेमकर्ण पौडेलले बताए । उनले कानूनभन्दा माथि कोहि नरहेको हुँदा उपमहानगरका मेयर चौधरीलाई पनि नेपालको संविधानले दिएको अधिकारभित्र रहेर काम गर्न सुझाव दिएका छन् । त्यस्तै कांग्रेसकै नेता रोहित प्रसाईंले पनि इटहरीमा मेयर चौधरीको ज्यादती बढेको आरोप लगाउँदै आएका छन् । उनले सार्वजनिक जग्गा खोजी अभियान भनेर काम गरे जस्तो गरी सामाजिक सञ्जालमा वाह वाह बटुल्न र सस्तो लोकप्रियताको पछि कुँदेको आरोप लगाए ।

आक्रोशित कांग्रेसका कार्यकर्ताहरूले पैनिकै जमिन मिचेर बनाएको आफ्नै पार्टी कार्यालय भत्काएर देखाउन मेयर चौधरीलाई चुनौती दिएका छन् । यता मेयरद्वारा दुर्व्यवहारमा परेका यामप्रसाद ढकालले आफु कानूनी बाटो खोज्ने बताए ।

मेयर चौधरीले आफुमाथि अमानविय हर्कत गरेको दावी गर्दै कानूनी उपचारमा लाग्ने बताए । कार्यकक्षमा बोलाई जबर जस्ती घर भत्काउन भन्दै कागज बनाउने प्रयास गर्दा आफु नमानेपछि कार्यकारी अधिकृतको कक्षमा ३ घण्टासम्म थुनेको आरोप लगाए ।

यता इटहरीका मेयर चौधरीले भने आफुले ढकालप्रति कुनै अमानविय व्यवहार नगरेको दावी गरेका छन् । खोलाको जग्गा मिचेर घर बनाएको पाइएपछि भत्काउन आग्रह गरिएको मेयर चौधरीले बताए । उनले अब आफु एक्लै मैदानमा उत्रिसकेको अडान लिँदै आएका छन् ।

## किताबखानाको लापरबाहीले रोकियो शिक्षकको पेन्सन

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २८ साउन

सिन्धुपाल्चोक स्याउलेका जगलाल श्रेष्ठको पेन्सन पट्टा असारको अन्तिममै सकियो । उनले राष्ट्रिय किताबखाना ताहाचलमा पट्टा बनाउन जाने निधो त गरे । तर साउन १ गतेदेखि नियमावली परिवर्तन भैं आफ्नै जिल्लाको कोलेनीका जानुपर्ने सूचना थाहा पाएलगतै उनले सम्पर्क नम्बर पत्ता लगाई जिल्लामा सम्पर्क गरे । त्यहाँका हाकिम शम्भु पोखरेलले केहि दिनमा आइपुग्ने जानकारी दिए ।

केहिदिन पश्चात सम्पर्क गर्दा पनि यसरी नै झुलाए । उनी मात्र हैनन् उनी जस्ता धेरै छन् । यसरी झुलिनेहरु सिन्धुपाल्चोकको चौतारा कोलेनीकामा पटक-पटक पट्टा नआएको जानकारी पाएपछि



उनले यो महिनाको पेन्सन लिन पाएनन् । 'राष्ट्रिय किताबखाना ताहाचलको लापरबाहीले यो सब भएको हो,' शम्भु पोखरेलले मध्यान्हसँग भने, 'पटक-पटक दुई, तिनवटा नम्बरमा टेलिफोन सम्पर्क गर्दा पनि फोन नउठाउनु किताबखानाको ठूलो कमजोरी हो ।'

किताबखानाबाट पेन्सनपट्टा साउन २ गते नै कुरियरगरी पठाएको शाखा अधिकृत कृष्ण बहादुर थापाले बताए । तर पेन्सन पट्टा अझैं नपुगेको पोखरेल बताउँछन् ।

निर्देशक हेमराज पुजारा भन्छन्, 'हामिले सबै जिल्लामा पठाइसकेका छौं । कतिपय जिल्लाले थप पट्टा पनि मगाइसकेको छ । तर राजधानी नजिकैको जिल्लामा यतिखेरसम्म पनि नपुग्नु गम्भीर लापरबाही हो । म यसबारेमा अनभिज्ञ थिए ।' उनले त्यस्तो लापरबाही भएको हो भने कारबाही हुने बताए । उनले भने, ' पट्टा पनि भोली नै पठाउँछौं । फोन नउठ्नु चाहिँ कामको सिलसिलामा कर्मचारी ब्यस्त भएर हो । अब सबै कुराको समाधान हुन्छ ।'


## साउदीमा रोजगारको अवसर | कम्पनी: MODERN VILLAGE LIBRARY
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/04/२७ चलानी नं.: ६०१६१४१५ LT. No.: 243841

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ 04 गते (20 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com


## बझाङको चैनपुरमा मास्क वितरण, मास्क नलगाउनेलाई कारबाही



**बझाङ डायरी**
तरुणा जोशी/मध्यान्ह

'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता, मास्क लगाउनु नै हो आजको आवश्यकता' भन्ने मुल नाराका साथ आज बझाङको चैनपुर बाजारमा जनचेतनामूलक कार्यक्रम सहित माक्स वितरण गरिएको छ । कोभिड-१९ संक्रमणको रोकथामका लागि मास्कको महत्त्व बुझाउन र आम नागरिकमा मास्कको सही प्रयोगबारे जनचेतना जगाउने उद्देश्यले अभियान अन्तरगत बुधवार मास्क वितरण गरिएको हो ।

बझाङ जिल्लामा कोभिड १९ को पूर्व तयारीलाई तिब्रता दिइएको छ । विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एक जुट भएर कोभिड १९ को पुर्व तयारीमा जुटेका हुन् । तेस्रो लहरको कोरोना रोकथामका लागि जिल्लामा रहेका कामकार, बालबाललिका, गर्भवती महिला तथा आम नागरीकहरुलाई स्वास्थ्यका मापदण्डको पालना गराउने उदेश्यले जिल्लाको सदरमुकाम चैनपुरमा मास्क वितरण गरिएको हो ।

बझाङस्थित नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य कार्यालयलगायत अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले मास्क वितरण गर्दै स्वास्थ्य मापदण्डको पालना अनिवार्यरुपमा गर्न र गराउनु पर्ने भन्दै प्रमुख जिल्ला अधिकारी मोहन अधिकारी सहितको टोलीले मास्क वितरण गरेको हो । सोमबार बसेको डिसिसिएमसीको बैठकले अनिवार्यरुपमा स्वास्थ्य मापदण्डको पालना गराउनु पर्ने निर्णय गरेसंगै जिल्लामा सचेतना फैलाउनका लागि मास्कहरु वितरण गरिएको हो । सुरु सुरुमा मास्क वितरण गरेर स्वास्थ्यका मापदण्डहरु पालना गर्न लगाउने र पछि मापदण्डहरु पालना नगरेको पाइएमा संक्रमण रोग ऐन २०२० अनुसार कार्वाही गरिने प्रजिअ अधिकारीले जानकारी दिए ।

अभियानमा नेपाल प्रहरी, शशत्र प्रहरी, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि तथा जयपृथ्वी नगरपालिकाका मेयर विरेन्द्र बहादुर खड्का, स्वास्थ्य कार्यालयका अधिकारीहरु सहितको टोली सहभागी रहेको थियो । स्वास्थ्यका मापदण्डको पालना गर्नका लागि बजारमा प्रहरी सहित परिचालन गरीएको प्रहरी नायब उपरिक्षक रुपक खड्काले बताए । साथै उनले सबैले स्वास्थ्यका मापदण्डको पालना गरी कोभिडबाट आफु सुरक्षित हुन र अरुलाई पनि सुरक्षित राख्न आग्रह गरे ।

## पहिरोले उच्च जोखिममा विद्यालय भवन

बझाङको केदारस्युँ गाउँपालिका-६ स्थित रोतागणामा रहेको भूमिदेव आधारभूत विद्यालय भवन पहिरोको जोखिममा परेको छ । लगातारको अविरल वर्षाका कारण विद्यालयको फिल्ड पहिरोले बगाएपछि भवन जोखिममा परेको हो ।

साउन १२ गते मंगलबार राति अविरल पानी परेपछि रोता गणामा रहेको विद्यालयको मूलद्वार र फिल्ड पहिरोका कारण भत्किएको प्रधानाध्यापक मानबहादुर धामीले मध्यान्हलाई बताए ।

प्रधानाध्यापक धामीले भने, ' अहिले फिल्ड मात्र पहिरोले लगेको भएपनि अझै लगातार वर्षा भएपछि भवन भत्कने खतरा रहेको बताए । भिरालो जमिनमा विद्यालय भएकाले पहिरो खस्न थालेको हो ।' कक्षा ८ सम्म पठनपाठन हुँदै आएको



उक्त विद्यालयमा हाल २३५ विद्यार्थी अध्ययनरत छन् ।

केदारस्युँ गाउँपालिका-६ का वडाअध्यक्ष काशिराम धामीले यो वर्ष २० लाख बराबरको ग्याबिन जाली हालेको, तर जाली नै बगाएर लगेको बताए पहिरोले विद्यालयको फिल्ड मात्र होइन सोही गाउँका २० परिवारले लगाएको बाली समेत पहिरोले बगाएको बताए । उनले भने, 'अहिले त कोरोनाको कारण विद्यालय बन्द भएकाले केही समस्या छैन तर विद्यालय खुलेपछि विद्यार्थीलाई कहाँ पढाउने भन्ने समस्या हुने मध्यान्ह लाई बताए । विद्यालयको चौर नै बगाएपछि विद्यालय लाग्यो भने विद्यार्थीहरुलाई समस्या हुने त्यहाँबाट खसेपछि सिँधै तल खोला भएकोले खोलामा खस्ने डर छ । अन्य ठाउँमा विद्यालय भवन बनाउन जग्गा खोजिरहेका छौं । अहिलेसम्म कतै भेटिएको छैन वडाअध्यक्ष धामीले बताए ।' जग्गा पाए चाँडै नै अन्यत्र विद्यालय भवन बनाउने योजना रहेको वडाध्यक्ष धामीले मध्यान्हलाई बताए ।

## बझाङमा बौलाहा कुकुरको आतंक, ३ बालक घाइते

बझाङमा बौलाहा कुकुरले आतंक मच्चाएको छ । बहुला कुकुरको टोकाइबाट बिहीबार जयपृथ्वी नगरपालिका वडा नम्बर ११ मयानामा ३ जना घाइते भएका छन् । जयपृथ्वी नगरपालिका वडा नम्बर ११ मयाना टोलमा बहुला कुकुरको टोकाइबाट ३ जना बालक घाइते भएका हुन् ।

घाइते हुनेमा मयानाका १४ वर्षीया हीमाल धामी, १४ वर्षका भुन्टी धामी र ९ वर्षीया राजन धामी रहेका छन् ।

उनीहरुलाई बिहीबार दिउँसो टोकको स्थानीयले बताएका छन् । घाइते तीनै जनालाई उपचारको लागी जिल्ला अस्पताल सीमखेत लगिएको शंकर धामीले मध्यान्हलाई बताए ।

बहुला कुकुरलाई स्थानीयले नियन्त्रण लिन खोजेपनि लिन नसकेको भन्दै सबैलाई सचेत हुन अनुरोध गरिएको छ । केहि महिना अगाडी तल्कोट गाउँपालिकामा समेत बहुला कुकुरले टोक्दा पशु चौपायासहित ४ जना घाइते भएका थिए ।

## रामपुरमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), २८ साउन

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बिहिवार रामपुर नगर पालिकाको नीति, कार्यक्रम तथा वजेट सन्दर्भमा युवा अर्न्तक्रियात्मक गोष्ठी रामपुरमा भएको छ ।

शिक्षाको लागि राष्ट्रिय अभियान जिल्ला समन्वय समिति पाल्पाको आयोजनामा कार्यक्रम भएको हो । शिक्षाको लागि राष्ट्रिय अभियान पाल्पाका सचिव माधव अर्यालको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि रामपुर नगरपालिकाका उपप्रमुख विष्णुदेवी घिमिरे आचार्य रहेकी थिइन् । नगरले युवालाई प्राथमिकता दिएर काम गरेको बताउँदै युवामाझ कस्ता खालका कार्यक्रम ल्याउन सकेमा प्रभावकारी हुने सुझाव समेत दिन नगरउपप्रमुख आचार्यले आग्रह गरिन् । कार्यक्रमका अध्यक्ष अर्यालले शिक्षाको लागि राष्ट्रिय अभियानले संचालन गरेका कार्यक्रमका सन्दर्भमा जानकारी दिएकी छन् । कार्यक्रममा रामपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामहरी पाण्डेयले रामपुर नगरपालिकाले युवाको क्षेत्रमा गरेका कामका सन्दर्भमा जानकारी गराउँदै व्याज अनुदान, युवा स्वरोजगार लगायतका विभिन्न कार्यक्रम संचालन गरेको र यस कार्यक्रमले कृषिमा युवाको आकर्षण बढेको बताए ।

युवाको तर्फबाट सन्दिप आचार्यले युवा जनशक्तिलाई लक्षित गरी कार्यक्रम संचालन गर्न सकेको खण्डमा नगरको विकास हुँदै जाने बताए । रामपुर नगरपालिकाका योजना अधिकृत कपिल खाँणले कार्यक्रमको सहजिकरण गर्दै गत आर्थिक वर्षमा युवाको क्षेत्रमा गरेका कार्यक्रमबारे जानकारी गराए । गत आर्थिक वर्षमा युवाको क्षेत्रमा एक करोड ७७ लाख ४५ हजार रकम विनियोजन गरी विभिन्न कार्यक्रम गरिएको उनले बताए ।

कोभिड प्रभावित भई गाउँ फर्केका कृषकलाई उत्पादन सामग्रीमा २० लाख अनुदान, मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रममा ७० लाख, बाँझो भूमी पुन: उपयोग कार्यक्रमका लागि २० लाख, युवा स्वरोजगारका लागि ५० लाख, मेयर कपमा १७ लाख ४५ हजार बजेट विनियोजन गरी कार्यक्रम गरिएको छ । आर्थिक वर्ष २०७८/०७९ मा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमका लागि ६७ लाख, कामको लागि पारिश्रमिक अनुदान ३३ लाख २२ हजार, युवा स्वरोजगार कोषमा ६० लाख, मेयर कपमा २५ लाख गरी एक करोड ७५ लाख २२ हजार रकम विनियोजन गरिएको छ । कार्यक्रममा सहभागी युवाले नगरपालिकाले कृषिमा मात्रै नभई विभिन्न उद्योग व्यवसायमा पनि युवालाई लगानी गरिदिनुपर्ने, बौद्धिक व्यक्तिको सहभागीतामा बेला बेलामा अन्तर्क्रिया कार्यक्रम, नगरले संचालन गर्ने हरेक कार्यक्रममा युवालाई चलायमान बनाउनुपर्ने लगायतका विषयमा छलफल भएको छ । कार्यक्रमको संचालन शिक्षाको लागि राष्ट्रिय अभियानकी सन्जु परियारले गरेकी थिइन् ।

## 'मास्क' अभियान तीव्र, एकैदिन ६५ हजारले पाए

**काठमाडौं/मस-** कोभिड-१९ संक्रमणको रोकथाम तथा जोखिम न्यूनीकरणका लागि मुलुकभर नै मास्क वितरण अभियानलाई तीव्रता दिइएको छ ।

नेपाल प्रहरीद्वारा सञ्चालित 'तपाईको मास्क खोई ?' कार्यक्रमअन्तर्गत पछिल्लो २४ घण्टामा मात्रै ६५ हजार ८६९ जनालाई नि:शुल्क मास्क वितरण गरिएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार उक्त अभियानमा वैशाख ६ यता सात लाख चार हजार ३७६ जनालाई मास्क वितरण गरी सकिएको छ ।

नयाँ भेरियन्टसहितको कोभिड-१९ को सङ्क्रमण बढ्दै गएको सन्दर्भमा यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीलाई दृष्टिगत गरी तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड कार्यान्वयन प्रभावकारी बनाउने प्रहरीले उक्त अभियानलाई पुन: प्रभावकारी बनाउन थालेको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिए ।

संक्रमणबाट 'आफू बचौं र अरुलाई पनि बचाऔं' भन्ने नारासहित 'तपाईको मास्क खै ?' लगायत विभिन्न सचेतनामूलक कार्यक्रमलाई प्रहरीले ७७ वटै जिल्लामा अभियानकै रुपमा सञ्चालन गरिरहेको छ । पछिल्लो समयमा कोभिड-१९ को वृद्धिसँगै तेस्रो भेरियन्ट आउनसक्ने चेतावनीका बीच मुलुकभर नै सचेत हुन सरकारले नागरिकसँग आग्रह गरेको छ ।


## कतारमा रोजगारको अवसर | कम्पनी : AL MANAL FACTORY
शहर: DOHA

पूर्व स्वीकृत मिति:२०७८/०१/२९ चलानी नं.: ६०१५८४०० L.T. No.: 240533 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 2 | 0 | | 2200 | ७१,७८६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ 04 गते (20 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Bhimsengola-9, Old Baneshwor Kathmandu, Tel: 4584541
Govt. Lic. No.: 700/063/064
P.O. Box: 11412 | Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



## साउदीमा रोजगार | १. कम्पनी: AHMED MOHAMED BAGHLAF ENDOWMENT
शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/04/२७ चलानी नं.: ६०१६१४१८ LT. No.: 241427

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BAZ INTL INDUSTRY CO. शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/२७ चलानी नं.: ६०१६१४१७ LT. No.: 241864

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: RIZK HAMDAN AL RASHID READY MIX CONCRETE FACTORY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/04/२७ चलानी नं.: ६०१६१४१६ LT. No.: 243852

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A worker making concrete products | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ४ गते (20 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



## साउदीमा रोजगार | कम्पनी : HANI AL HAJJI CENTER IRON AND ALUMINUM
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७८/01/02 चलानी नं.: ६०१५७३६४ L.T. No.: 239209 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1300 | ४१,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ४ गते (20 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506
Email: hamdan773@gmail.com | Website: www.hamdannepal.com

## सम्पादकीय


# गठबन्धनले नसिकेको पाठ

राष्ट्रिय राजनीतिको असरका कारण संघीय प्रणाली समेत खोट रहित रहन सकेन । २०७२ को संविधानअनुसार, गठित प्रदेश सरकारहरूले पहिलो पटक नै पाँच वर्ष टिक्न सकेन । राजनीतिक स्थीरता कायम गर्नेगरी संवैधानिक व्यवस्था गरिएको भएपनि धमाधम प्रदेश सरकार बदलिन थालेको छ । गण्डकी प्रदेश पछि बिहीबार लुम्बिनीमा नयाँ सरकार बनेको छ । दुवै प्रदेशमा नेकपा एमालेका नेता मुख्यमन्त्रीबाट हटेका छन् । गण्डकीमा पृथ्वीसुब्बा गुरूङ र लुम्बिनीमा शंकर पोखरेल मुख्यमन्त्रीबाट पदमुक्त भए । गण्डकीमा नेपाली काँग्रेसको नेतृत्वमा सरकार बन्यो भने लुम्बिनीमा नेकपा माओवादी केन्द्रका नेता कुलप्रसाद केसी मुख्यमन्त्री नियुक्त भएका छन् । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाका ४१ सांसदको समर्थन केसी मुख्यमन्त्री नियुक्त भए ।

बिहीबार नै प्रदेश प्रमुख अमिक शेरचनले मुख्यमन्त्री केसी सहित ६ मन्त्रीलाई शपथ गराएका छन् । लुम्बिनीमा पनि गण्डकीकै जस्तो अघिल्लो सरकारका मन्त्री फेरि दोहोरिएका छन् । जसपाका सांसद सुमन शर्मा रायमाझी मन्त्री बनेका छन् । अघिल्ला मुख्यमन्त्री पोखरेललाई समर्थन जनाएका अजय शाहीलाई पनि मुख्यमन्त्री केसीले मन्त्री बनाएका छन् । गण्डकीमा पनि यस्तै प्रवृत्ति देखिएको थियो । स्वतन्त्र सांसद् दीपक मनाङेलाई मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले मन्त्री नियुक्त गरेका थिए, आफूसँगै । उनी अघिल्ला मुख्यमन्त्री गुरूङका पनि मन्त्री थिए । तर मन्त्रीबाट हट्दै मनाङेले सरकार बदल्न सहयोग गरेका थिए ।

अर्थात्, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्व सरकारले गरेको गल्ती र गलत प्रवृत्ति दोहोऱ्याउँदै गठबन्धन सरकार बनेको छ । यसअघि गुरूङ र पोखरेलले आफ्नो सरकार टिकाउन जस्तो गैरसंसदीय प्रयास गरेका थिए, त्यस्तै अभ्यासबाट सरकार परिवर्तन पनि भएको छ । लुम्बिनीका प्रदेशसभा सदस्य बिमला वली एक उदाहरण हुन् । उनी कहिले एमाले र त कहिले माओवादी हुने गरिन् । अन्ततः माओवादी केन्द्रमा रहेको जानकारी पत्रकार सम्मेलन गरेरै भनेपछि नयाँ सरकार बनेको छ । अर्थात् नयाँ सरकार बनिरहँदा पनि गलत प्रवृत्ति, गैरसंसदीय अभ्यास र राजनीतिक नैतिकता संकटमै रहेको पुष्टि भएको छ । यसले फेरि पनि संविधान, संवैधानिक भावना बिपरीत र जनता भावना बिपरीतका गतिविधि गठबन्धनले कायमै राखेको छ । यसको मूल्य नेताहरूले मात्रै नभएर मुलुकले समेत बेहोर्नुपर्ने प्रष्ट छ ।

## सामाजिक सञ्जाल



पूर्वसरकारको कारनामा स्वेतपत्रमा आयो । देउवा सरकारले गर्छ के ? थोरै थोत्रा गफ सिएमपीमा देखियो । 'राष्ट्रिय-गफ' पछि नि सुनिएला । आवश्यकता परिणामको हो, त्यो दिने मन्त्रालय, संवैधानिक तथा राजनीतिक संस्थाहरू ले हो । महिना बित्दा सरकारलाई पूर्णँता दिन नसक्नेले घघडान बतासे गफ पस्कनुको के अर्थ हुन्छ र ?

**- हरि रोका**




शंकर पोखरेलले आफ्नो कार्यकालमा कस्तो काम गरे जनताले पक्कै मुल्यांकन गरेकै होलान । अनि अब बाँकी बचेको १६ महिना चैँ कांग्रेस र माओवादीले आधा-आधा समय चलाउने रे ? यसले हामीलाई तात्विक फरक केही पर्ला र ? उनीहरूले मोजबस्ती गर्ने हुन्, जनताको हितमा त केही हुनेवाला छैन !

**- शैलेन्द्र थापा**



लुम्बिनी तीर मुख्यमन्त्री पदको हुण्डी लागेको छ, ६/६ महिने आलोपालो रे ! दाम बडेको खण्डमा ३/३ महिने पनि हुनसक्छ । सम्मानित पद खुल्लम खुल्ला बिक्री, उद्योगी, व्यापारी, डन जस्ता सामाजिक डिसकनेक्टहरू सिधै उच्च निकायमा पुग्ने थलो भयो प्रदेश सरकार ! थोरै चेतना भएकालाई लाज भैसक्यो यो सब देखेर !

**- निर्मल प्रसाईं**



कम्युनिष्टहरूको नाराहरू मध्ये एउटा प्रमुख नारा 'संसारभरका सर्वहारहरू एक हौँ' भन्ने छ । तर अहिले नेपालमा यो नाम वा त्यो नाम गरेका कम्युनिष्ट पार्टीहरू १ दर्जनभन्दा बढी छन् । सर्वहाराका तथाकथित प्रतिनिधित्व गर्ने यी पार्टीहरू नै एक हुन किन नसकेका ? यसको मुख्य कारण दलाल पुँजिपतिहरू !

**- लक्ष्मण घिमिरे**



सत्तामा हुने जोइ किन कमजोर हुन्छन ? हिजो उपेन्द्र सत्तामा हुँदा, ठाकुर बलियो, ठाकुर सत्तामा हुँदा, उपेन्द्र बलियो, ओलीलाई कमजोर बनाउन अदालत नै प्रयोग गरियो । आज देउवालाई कमजोर बनाउन फेरि लागि परेका छन् ! नेपालमा बलियो सरकार किन टिक्दैन ?

**- प्रेम चापागाइँ**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# एमसीसी सम्झौता र राष्ट्रघात

**महाकाली सन्धि पास गर्ने प्रकृयामा तत्कालिन एमालेमा ल्याइएको विभाजन दुःखद रुपमा स्मरणीय हुन आउँछ र हाल भएको नेकपाको विभाजनको अन्तर्यमा पनि एमसीसी रहेको हुनसक्ने पनि आकंलन गर्न सकिन्छ । जो दुःखद विडम्बना र दुर्भाग्य नै हो नेपाल र नेपालीको लागि !**




● जगन्नाथ काफ्ले

सामान्यतयाः सुगौली सन्धियता र विशेषतः सन् १९५० को सन्धियता शुरु भएको नेपालको औपनिवेशीकरणको औपचारिक र आधिकारिक यात्रा आज दुईसय वर्षपछि एक्काइसौं शताब्दीमा आइपुग्दा पनि टुङ्गिएको छैन । यो झन्झटपछि झन् जटिल, कठिन, पेचिलो र भयावह बनेको छ । यस दौरानमा नेपालको पश्चिमोत्तर क्षेत्र कालापानीमा भारतीय सैन्य क्याम्प राखी गरिएको कब्जा, मध्यक्षेत्रको सुस्तालगायत पूर्वोत्तर पशुपती नगरसम्मका पाँच दर्जन बढी स्थानका हजारौं हेक्टर नेपाली भूमिमाथिको भएको अतिक्रमणका अतिरिक्त नेपाल-भारत खुला सीमा नाकामा समेत दिनहुँ भारतीय दादागिरीपूर्णं ज्यादती र अत्याचार चलिरहेको छ । हाल आएर दार्चुला घटनासम्म आइपुग्दा सीमा नाघेको देखिन्छ ।

यस्तै, सीमा क्षेत्रमा भारततर्फ बनाइएका रोड र बाँधहरुका कारण नेपालमा वर्षेनी हुने डुबान, गण्डकी, कोशी र महाकाली नदीसम्बन्धी सन्धी-सम्झौताद्वारा नेपालको जलसम्पदामाथिको ब्रह्मलुट, नेपालका व्यवस्था, सरकार र मन्त्री आदिको फेरबदलदेखि दिनदिनका माइक्रो म्यानेजमेण्टसमेतमा नाङ्गो, लज्जास्पद र क्षुद्रतापूर्ण हस्तक्षेप, पटक-पटकका भारतीय शसस्त्र बलका व्यक्ति वा समूहबाट गरिएका अनाधिकृत नेपाल प्रवेश, लूटपाट, गुण्डागर्दी र गिरफ्तारी, भूकम्प, भोकमरी र महामारीका बेलामा समेत नाकाबन्दी र औषधि रोक्का, अपरकर्णाली, पन्चेश्वर लगायतका थुप्रै नदीनालाका जलविद्युत् आयोजनाहरुमा भारतीय कम्पनीहरुको कब्जा, नेपाललाई आत्मनिर्भर बन्न नदिनको लागि विदेशी मित्रराष्ट्रहरु द्वारा अनुदानमा बनाइदिएका विभिन्न उद्योगधन्दाहरुको समेत विकृतिकरण र ध्वंश गराई नेपाललाई आत्मनिर्भर बन्न नदिई भारतनिर्भर बनाइराख्ने षड्यन्त्रदेखि हाल आएर वैकल्पिक उर्जा विकासका नाममा एकमात्र अन्तर्राष्ट्रिय एअर पोर्टलगायतका एअरपोर्टजस्ता संवेदनशील क्षेत्रहरुमा भारतीय सैनिक सुरक्षा जाँच चौकी राख्ने दाउ, एमसीसीमार्फत नेपाली विजुलीमा गर्न थालिएको कब्जा र बृहत् नदी जडान आयोजनाको लागि नेपाली पानीमा सुनियोजित रुपमा गर्न खोजिएको एकलौटी; संविधान, नागरिकता ऐन र हालको नागरिकता ऐन संशोधन विधेयकमा राखिएका नागरिकतासम्बन्धी खुकुला प्रावधानहरु, विप्पा सम्झौता र सुपुर्दगी विधेयक आदिद्वारा गराउन लागिएको भारतीयकरणलगायतका कयौं घटनाक्रमहरुले नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान, सार्वभौमिकता र स्वत्व-अस्तित्व नै समाप्त हुने चिन्ता बढिरहेको छ । यसप्रकारको गम्भीर चिन्ता बढिरहेको संवेदनशील अवस्थामा एमसीसीको नेपाल प्रवेशबाट एकातिर इष्ट ईन्डिया कम्पनीको भारत प्रवेशगरेपछिको भारतको अवस्था जस्तै नेपालको हालको अर्धऔपनिवेशिक अवस्थाबाट झन् पूर्ण औपनिवेशीकरण हुने चरम खतरा छ भने अर्कातिर विगत लामो समयदेखी नै अस्थीरता, अशान्ती र अविकासको पीडा भोगेको नेपाल अब शक्तिराष्ट्रहरुको द्वन्द्वको चपेटामासमेत परी नेपालको अवस्था सर्वाधिक संकटपूर्ण, गम्भीर र भयावह बन्ने सुनिश्चित देखिन्छ ।

उपरोक्त अवस्थाका बीच हालै भएको दार्चुलाको घटना र विगतदेखी नै संसदबाट पास गराउन हठात् र बलात् जोड गरिएका नागरिकता विधेयक र एमसीसीसँगको अनुदानको नाममा भएको सम्झौता विधेयक वर्तमान प्रो इण्डो-पश्चिमा देउवा नेतृत्वको सरकारद्वारा अबको संसदमा पेस हुने र पास हुने चरम खतरा रहेको छ । नागरिकता विधेयक पास गराउन गराइएको हालैको प्रदर्शनले अब संसदमा विचाराधीन नागरिकता विधेयक मात्र होइन संसदमा पेस र पास गर्नै नपर्ने र गर्नै नहुने एमसीसीलाई पनि कथित सडक, संचार र जाल-संजालको दवाव देखाएर पास गराउने चालबाजी स्पष्ट भएको छ ।

> अहिले अमेरिकाले एमसीसीको कथित अनुदान सम्झौताको आवरणमा नेपालमा पसेर नेपाललाई लुट्न र भुट्न मात्र होइन, नेपाललाई बेस क्याम्प बनाएर सामान्यतः पूरै दक्षिण एसियालाई कब्जा गर्न र विशेषतः अमेरिकाको घोषित दुष्ट राष्ट्रमध्ये मुख्यतः चीनका विरुद्ध कुनीती र कुनियत लिएको छ ।




यससन्दर्भमा चर्चिच महाकाली सन्धि पास गर्ने प्रकृयामा तत्कालिन एमालेमा ल्याइएको विभाजन दुःखद रुपमा स्मरणीय हुन आउँछ र हाल भएको नेकपाको विभाजनको अन्तर्यमा पनि एमसीसी रहेको हुनसक्ने पनि आकंलन गर्न सकिन्छ । जो दुःखद विडम्बना र दुर्भाग्य नै हो नेपाल र नेपालीको लागि !

जे होस्, अहिले अमेरिकाले एमसीसीको कथित अनुदान सम्झौताको आवरणमा नेपालमा पसेर नेपाललाई लुट्न र भुट्न मात्र होइन, नेपाललाई बेस क्याम्प बनाएर सामान्यतः पूरै दक्षिण एसियालाई कब्जा गर्न र विशेषतः अमेरिकाको घोषित दुष्ट राष्ट्रमध्ये मुख्यतः चीनका विरुद्ध कुनीती र कुनियत लिएको छ । यहि ग्लोबल स्ट्राटेजी लिएर गठन गरिएको इन्डो प्यासिफिक स्ट्राटेजीसँग अभिन्न रुपले जोडिएको एमसीसी यस्तो दीर्घकालीन र बहुआयामिक रणनीतिक स्वरुपमा आएको छ । यसले अहिले नेपालको बिजुली र पानीमाथिको स्वामित्व भारतलाई दिलाउने जस्ता अरु थुप्रै प्रलोभन देखाएर पहिलो चरणमा उसलाई साथ लिएर यस सहस्राब्दीका आफूलाई चुनौती दिने चीन, रुस, उत्तर कोरिया आदि देशहरुलाई ध्वंश गर्न चाहन्छ भने तत्पश्चात पछिल्लो चरणमा अन्ततः विश्वमहाशक्तिको रुपमा उदाउँदो भारतलाई पनि अमेरिकाको कमाण्ड र कन्ट्रोलमा राख्नेछ । तर बृटिश उपनिवेसको पीडा खेपेको भारतले त्यो पीडा सम्झिएर आफ्नो हालको गुलामी मानसिकताबाट पछि मुक्त हुन सक्दाका दिन भारत र अमेरिकाकै बीच पनि टक्कर पर्नेछ । यस्तो तात्कालिक र दीर्घकालीन राजनीतिक र सामरिक अनि आर्थिक र धार्मिक-सांस्कृतिक रणनीतिका साथ एमसीसी सम्झौता नेपालको संसदबाट पास गराएर अमेरिका औपचारिक र आधिकारिक रुपले नेपाल हुँदै दक्षिण एसियामा कब्जा जमाउन आउँदैछ । यस्ता अत्यन्तै गम्भीर र संवेदनशील समय, परिस्थिति र विषयले नेपालको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, अखण्डता, अस्मिता र स्वत्व-अस्तित्व रक्षाको प्रश्न नेपाल र नेपालीको लागि साँच्चिकै जीवन-मरणको संघर्षको अहं प्रश्न भएको छ ।

साम्राज्यवादी र विस्तारवादीहरु यसप्रकारका बहुघाती राजनीतिक, आर्थिक, सामरिक, सांस्कृतिक र कूटनीतिक रणनीति, कार्यनीति र चालबाजीहरु लिएर हजारौं किलोमीटर टाढा रहेका इन्डो-प्यासिफिक क्षेत्रका भाषा र संस्कृति नमिल्ने, नबुझ्ने देशहरु र तिनका नेताहरु अमेरिकी स्वार्थका लागि संयुक्त भएर आउन सक्छन् भने हामी एउटा सानो देशका संघसंस्था र नागरिकहरु पनि किन एक हुन नसक्ने ? एउटा सारै नै गम्भीर र चुनौतीपूर्ण प्रश्न उठेको छ । तथापि हामी सचेत र साहसी शक्ति र व्यक्तिहरु देश, जनता र स्वयं आफैंप्रति जिम्मेवार र जवाफदेही हुने हो र छाती फराकिलो पार्ने हो भने अवश्यै सकिन्छ र सक्नै पर्छ ।

त्यसैले हाल नेपालमा क्रियाशिल राजनीतिक, आर्थिक, सामाजिक, साहित्यिक र सांस्कृतिक क्षेत्रमा संगठित र प्रतिबद्ध भएर वा स्वतन्त्र भएर स्वविवेकले संघर्षरत विभिन्न संघसंस्था, शक्ति र संगठन वा तिनमा आबद्ध वा स्वतन्त्र र सार्वभौम नागरिक व्यक्तित्वलगायतका सबै देशभक्तहरु एक ठाउँमा उभिएर यसको संयुक्त प्रतिवाद गर्नु अत्यन्त जरुरी छ । एक्लाएक्लै व्यक्तिगत रुपमा वा संस्थागत रुपमा पनि अलग-अलग भएर संघर्ष गर्दा खासै उपलब्धि नभएको र संयुक्त संघर्ष गर्दा ठुला र अकल्पनीय उपलब्धि भएको हाम्रो आफ्नै अनुभव र उदाहरण छन् । त्यस आधारमा हेर्दा र गर्दा नै एउटा सशक्त संयुक्त संघर्ष समिती बनाएर एकताबद्ध भएर लड्दा नै सफलता र विजय सहज, शीघ्र र सुनिश्चित हुने छ । अनि यसप्रकारको गम्भीर, भयावह र चुनौतीपूर्ण अवस्थाबाट देशले र जनताले मुक्ती र प्रगति पनि पाउने अवश्यम्भावी छ ।

त्यसैले हाम्रो हार्दिक अनुरोध छ कि देश र स्वयं हाम्रो आफ्नै रक्षार्थ संघर्ष गर्न तयार हुनुहुने राजनीतिक, सामाजिक, साहित्यिक, सांस्कृतिक र नागरिक संघसंस्था र संगठन तथा तिनका नेतृत्व र बौद्धिक-प्राज्ञिक विज्ञ-विशेषज्ञ अभियन्ता व्यक्तित्वहरुको एउटा सामूहिक भेला गरी गम्भीर विमर्श आवश्यक ठानेर यो भेला आयोजना गर्नु वान्छनीय भएको हो । तसर्थ अब यहीँबाट एउटा सशक्त संयुक्त संघर्ष समिती बनाएर त्यही समितिमार्फत बहुघातक एमसीसी खारेजीका लागि संघर्षका विभिन्न कार्यक्रमहरु गर्दै संघर्षलाई निर्णायक बनाई निष्कर्षमा पुराऔं । यद्यपि यस्तो चर्चा केही समय अघिदेखि हुँदै आएको र एकहदसम्म अंश-अंशमा सहमति पनि हुँदै आइराखेको हो । त्यसैले अब यसमा बृहत सहमति बनाएर शक्तिशाली संयुक्त संघर्ष समिति राजधानीमा र विभिन्न जिल्लामा अनि नेपालीहरुको उल्लेख्य उपस्थिति रहेका विदेशी शहरहरुमा समेत विभिन्न संयुक्त संघर्ष समितिहरु बनाएर संघर्षको आँधिबेहरी ल्याउनु अत्यावश्यक छ ।

उपरोक्त आवश्यकतालाई पूरा गर्न-गराउनको लागि सहमत हुने सम्पूर्ण नेतृत्व र व्यक्तित्वहरुले हाल सर्वाधिक गम्भीर, जटिल र भयावह चुनौतीको रुपमा देखिएको :एमसीसी खारेजीको लागि संयुक्त र सशक्त संघर्षमा लाग्न सहर्ष आ-आफ्नो संस्था र प्रतिनिधिलाई सहभागी गराइदिनु भए अहिले नै एउटा प्रारम्भिकस्तरको एमसीसी खारेजीका लागि संयुक्त संघर्ष समिती बन्ने र तत्कालैदेखि काम अघि बढ्ने छ भन्ने अपेक्षा र विश्वास गरिएको छ । सहमत भएका र सहभागी हुन चाहनुभएका देभैभरिका महानुभावहरु पनि आफ्नो संस्था र प्रतिनिधिको नाम र सम्पर्क दिएर एकातिर यो राष्ट्रिय अभियानमा जोडिन सक्नु हुनेछ भने अर्कातिर आफू रहेकै स्थानमा यसकै शाखाको रुपमा वा स्वतन्त्र इकाईको रुपमा संयुक्त समितिहरु बनाएर संघर्षमा उत्रन सक्नुहुनेछ । यसको निम्ति सम्पूर्ण सच्चा देशभक्त, वामपन्थी, लोकतन्त्रवादी र साम्राज्यवादविरोधी राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र साहित्यिक संघसंस्था र संगठनहरु, नागरिक समाजहरु एवं स्वतन्त्र अभियन्ता व्यक्तित्वहरुलाई एकताबद्ध भएर देश बचाउने यो आन्दोलनमा जुट्न र डट्न हार्दिक विनम्र आग्रह छ ।

*(काफ्ले अष्टज अभियानको आइसीसीका सचिव हुन् ।)*

# धुम्रपान र मानव स्वास्थ्य

**धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनकै कारणले प्रत्येक ६ सेकेन्डमा एउटा मान्छेले ज्यान गुमाउँछ भन्ने सुन्दा अचम्म लाग्न सक्छ । तर यसमा आश्चर्य मान्नु पर्दैन किनकी हरेक वर्ष लगभग ६० लाख मान्छे धुम्रपानकै सेवनका कारणले अकालमै मर्ने गर्दछन् ।**



● डा. हेमराज कोइराला

धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनकै कारणले प्रत्येक ६ सेकेन्डमा एउटा मान्छेले ज्यान गुमाउँछ भन्ने सुन्दा अचम्म लाग्न सक्छ । तर यसमा आश्चर्य मान्नु पर्दैन किनकी हरेक वर्ष लगभग ६० लाख मान्छे धुम्रपानकै सेवनका कारणले अकालमै मर्ने गर्दछन् । मृतक मध्ये ५० लाख मान्छेहरु यस्तै पदार्थका प्रत्यक्ष सेवक हुन भने १० लाख हाराहारीका मान्छेहरु प्रत्यक्ष सहभागी छैनन् । १० लाखको मृत्यु अरुले गरि दिएको धुम्रपान वा सुर्तिजन्य पदार्थको खेती, उत्पादन र वेचवीखनमा संलग्नताको कारणले हुने गर्दछ । यस्तो भयावह मृत्युवरण वृद्धिको तथ्यांक ई.सं.२०३० सम्ममा ८० लाख पुग्ने अनुमान गरिएको छ ।

बेलायतको 'क्यान्सर रिसर्च फाउन्डेसन'ले जारी गरेको तथ्यांकअनुसार संसार भरी सुर्तिजन्य पदार्थहरुको सेवन गर्नेहरुको संख्या लगभग ८५ करोड २० लाखको हाराहारीमा रहेको छ । जसमध्ये ६१ करोड ६० लाख व्यक्तिहरु धुम्रपानको लतमा छन भने २४ करोड ७० लाख गुट्खा, खैनी, पान, पानमसला जस्ता धुवाँरहित सुर्तिजन्य पदार्थहरुको सेवनमा संलग्न छन् ।

## सुर्तिजन्य पदार्थ सेवनका हानी

सुर्ति सेवनका धेरै तरिकाहरु छन् । जसमध्ये सुर्तिका सुकेका पातहरुलाई जलाएर धुम्रपान गर्न वा मुखमा च्याप्ने, चवाउने, निल्ने वा नाकले सुंघेर नश लिने वा गुदद्वारमा च्याप्ने जस्ता विधि प्रचलित छन् ।

सुर्ति निकोटियाना प्रजातीको घाँसिय विरुवा हो । हजारौ वर्षदेखि यसको पातहरुलाई सुकाएर नसा गर्ने हेतुले विभिन्न रुपमा प्रयोग गरिएको पाईन्छ । सुर्तिजन्य पदार्थको प्रयोग विधिलाई धुम्रयुक्त र धुम्ररहित गरेर दुई श्रेणीमा विभक्त गरिएको छ । बिडी चुरोट सिगार, वट्टा चिलिम, हुक्का, पाईप जस्ता सुर्ति प्रयोगका विधिहरु धुम्रपानीय विधिहरु हुन भने सुर्ति, खैनी, गुट्खा, पान, पानमसला, मावर, सनस, गुल, बज्जर, नस, क्रिमयुक्त सुर्ति, सुर्ति भिजाएको पानी वा सुर्ति मिश्रीत अन्य पदार्थहरुको सेवन धुम्रपान रहित सुर्ति सेवनका विधिहरु हुन् । सुर्ति सेवन गर्दा सुर्तिमा भएका निकोटिन लगायत अन्य नशालु पदार्थहरुले हाम्रो स्नायु प्रणालीका ग्याङ्गलीयन तथा नर्भ इन्डिङ्गहरुलाई उत्तेजित गरिदिंदा यसले एक किसिमको ट्र्याङ्कुलिटी, युफोरीया र आनन्दको अनुभूति पैदा गर्छ । फलत् यो अनुभव पाउन मान्छेले सुर्तिजन्य पदार्थको सेवन गर्ने गर्दछ ।

सुर्तिको जलनबाट उत्पादित धुवाँमा ४००० र सुर्तिका पातमा ७००० स्वास्थ्यका लागि हानीकारक तत्वहरु पाईन्छ । जसमध्ये ७० तत्वहरु क्यान्सर रोगका लागि जिम्मेवार हुन्छन । सुर्तिको धुवामा पाहिने टार, पोली-न्यूक्लिएर अरोमेटिक हाइड्रोकार्वन, बिटा नेप्थाइलीन, एन-नाइट्रोसोनोरनिकोटीन बेन्जोपाईरिन, निकील, आर्सेनिक, पोलोनियम-२१० नाइट्रोसामाईन, हाईड्राजीन, भिनाईलक्लोराईड जस्ता सुर्तिको धुवामा पाईने तत्वहरु मुख्य क्यान्सर कारक तत्वहरु हुन् भने फिनोल, क्रिसोल, क्यारेकोल इन्डोल र कार्बाजोल जस्ता पदार्थहरु क्यान्सर गराउनमा सहयोगी तत्व हुन । त्यसैगरी धुवामा पाईने कार्वन-मोनोअक्साईड, हाईड्रोजन साईनाइड, अमोनिया, बीटाडीन, बेन्जीन, क्याडमियम जस्ता तत्वहरु पनि मुटु तथा रक्त संचार, स्नायु तथा नाडी मन्डल, पेट तथा रगतका रोगहरुका कारक तत्वहरु हुन । सुर्ति सेवनलाई व्यापारीकरण गर्ने र सेवकहरुको संख्या वढाउने होडमा चुरोट, बिडी, पान मसला, गुट्खाहरुमा चकलेट, भेनीला, चिनी, जेठीमधु, दालचिनी, अलैची र अन्य जडीबुटीहरु एवं मरमसला पनि मिसाइएको हुन्छ । यि मसलाहरु स्वास्थ्यका लागि त्यति हानीकरक त हुदैनन् तर यिनले सुर्तिजन्य पदार्थको स्वाद बढाई दिने हुँदा सुर्ति सेवक स्वाद मानीमानी सेवन गर्न रमाउने हुँदा सूर्तिको नशामा नराम्ररी जकडिने पुग्दछ ।

सुर्ति तथा सुर्तिको जलनबाट उत्पादित धुवामा पाइने ल्यूकीमिया गराउने वेन्जीन, फोक्सोको क्यान्सर गराउने रेडियोएक्टिव पोलेनियम-२१० पनि अत्यन्त हानीकारक तत्वहरु हुन । लन्डनका क्यान्सर अनुशन्धानकर्ताहरुले गरेको अनुमान मुताविक एक वर्ष सम्म ३० वटा चुरोटको दैनिक सेवन गर्ने गर्दा निस्किएका रेडियोएक्टिभ तत्वहरुले शरिरलाई त्यहि परिमाणमा हानी पुऱ्उदछ जुन ३०० पटक एक्सरे गर्दा हुने गर्दछ ।

## सुर्ति सेवनका प्रत्यक्ष असर

धुम्रपान तथा सुर्तिजन्य पदार्थहरुको सेवन गर्ने मान्छेले प्रत्येक हप्तामा एक दिन वरावरको आयु छोट्याउछ । साथै यसको सेवनबाट मुख्य रुपमा मुख, गिजा, श्वासनली, दाँत तथा फोक्सोको क्यान्सर ल्यूकेमिया (रगतको क्यान्सर), पेट, मृगौला, प्यानक्रियाज, ठूलो आन्द्रा, मुत्र थैली र पाठेघरको क्यान्सर हुने खतरा वढेर जान्छ । त्यसै गरी मुटु तथा रक्तनली संग सम्बन्धित रोगहरु, स्ट्रोफ प्यारालाईसिस, अन्धोपन, गिजा सुन्नीने, दम-खोकी, न्यूमोनिया, सीओपीडी, रक्त नली सांगुरिने, स्नायु तन्तुहरुको क्षय, श्वासन प्रणालीका दिर्घ रोगहरु लाग्ने, हड्डी खिइने र भाच्चिने, नपुंसकता र बाझोपन वढ्ने, थकान, अनिन्द्रा, अपच, मुड डिसअर्डर (मानसिक असुन्तलन) जस्ता रोगको खतरा वढेर जान्छ । गर्भिणी महिलाले धुम्रपान गरेमा अपाङ्ग तथा मृत वच्चा जन्मने सम्भावना रहन्छ ।

धुम्रपान तथा सुर्तिजन्य पदार्थहरुमा कोषहरुलाई हानी गर्ने, जीनहरुलाई म्यूटेसन गराउने, कोषहरुको अनियन्त्रीत विभाजन गराउने तत्वहरु रहेका हुन्छन । यि तत्वहरुले सिधै डिएनए लाई क्षती पुऱ्याउनुका साथै क्यान्सरको लागि जिम्मेवार अन्कोजिनहरुलाई उत्तेजित गरी क्यान्सरलाई जन्म दिन पुग्दछन् । त्यसै गरी सुर्ति, खैनी र गुट्खा सेवनले पनि मुख तथा पेटको क्यान्सर त गराउछ नै साथै मुटु तथा मुटुका रक्तनली सम्बन्धित रोगहरु, ग्रन्थीहरु सुन्नीने, रोग प्रतिरोधात्मक क्षमताको कमी गराउने, रगतनको क्यान्सर, वोनम्यारो सम्बन्धित समस्या र नपुंसकतालाई निम्त्याउछ । खैनीमा मिसाएको चुनाले मुखको तथा पेटको अल्सर गराउदछ भने गुट्खा तथा अन्य सुर्तिहरुको सेवनले रक्तचाप वढाउने, मुटुरोग, स्नायु-क्षय, कलेजो, मृगौला तथा आन्द्राहरुको कार्यको क्षमतामा ह्रास, दाँतको समस्या, मधुमेह, मोटोपन, मानसिक तनाव, चिन्ता, डर र उदाशिनताका समस्याहरु ल्याउँदछ ।

*(डा. कोइराला भरतपुरस्थित योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय मेडिकल डाइरेक्टर हुन् ।)*

# हिंसा बढ्दै गएपछि अफगान सरकारद्वारा सेना प्रमुख बर्खास्त



**काठमाडौं/एजेन्सी–** अफगानिस्तान सरकारले सेना प्रमुखलाई बर्खास्त गरेको छ । अफगानिस्तानका प्रान्तीय राजधानीहरूलाई श्रृंखलाबद्ध रूपमा तालिबानले कब्जामा लिंदै गएपछि बुधवार अफगान सरकारले सेना प्रमुख वली मोहम्मद अहमदजाइलाई बर्खास्त गरेको हो । उनी गत जुन महिनामा मात्र सेना प्रमुख नियुक्त भएका थिए । राष्ट्रपति असरफ घानीले अहमदजाइलाई हटाएर हिबतुल्लाह अलिजाईलाई सेना प्रमुख नियुक्त गरेको बीबीसीले जनाएको छ ।

तालिबानले त्यहाँको दोस्रो ठूलो सहर कान्दहारको एउटा जेललाई आफ्नो कब्जामा लिएर सयौं कैदीहरूलाई रिहा गरिदिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् । तालिबानले उक्त जेललाई आफूले नियन्त्रणमा लिएको बताए पनि हालसम्म त्यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकिएको छैन । अन्तर्राष्ट्रिय रेडक्रसका अनुसार देशको दक्षिणी भागमा अवस्थित उक्त सहरका गल्ली गल्लीमा लडाइँ जारी छ ।

हालसम्म ३४ मध्ये ९ वटा प्रान्तीय राजधानीहरूलाई नियन्त्रण गरिसकेको तालिबानले कान्दहारलाई पनि कब्जा गर्न प्रयास गरिरहेको छ । रेडक्रसका अनुसार अफगानिस्तानको उक्त दक्षिणी सहरबाट मानिसहरू पलायन भइरहेका छन् । त्यहाँ एक साताभित्र घाइते हुने सर्वसाधारणको संख्या दोब्बर भएको छ ।

अफगानिस्तानमा २० वर्षदेखि रहेका अमेरिकी र अन्य विदेशी फौजले छाडेपछि तालिबानले आफ्नो नियन्त्रण बढाउँदै लगेको हो । संयुक्त राष्ट्रसंघका अनुसार गत महिना मात्र त्यहाँ एक हजार सर्वसाधारण मारिएका छन् । परम्परागत रूपमा तालिबान विरोधी रहँदै आएको अफगानिस्तानको उत्तरी सहर मजार-ए-शरीफ पनि तालिबानी हमलाको चपेटामा परेको छ ।

राष्ट्रपति असरफ घानी सरकार समर्थक फौजलाई हौसला बढाउन एउटा र्‍यालीमा सहभागी हुन बुधवार उक्त सहरमा पुगेका थिए । राष्ट्रपति गनीले त्यहाँ रहँदा उज्बेक जातीय समूहका युद्ध सरदार र ताजिक जातीय समूहका स्थानीय प्रभावशाली नेतासँग सहरको बचाउबारे वार्ता गरेका थिए । वर्षौंसम्म राष्ट्रपति गनीले राष्ट्रिय सेनालाई बलियो बनाउने प्रयास स्वरूप अफगान जातीय समूहका युद्ध सरदारहरूलाई पाखा लगाउने गरेका थिए । तर अहिले आवश्यक परेका बेला तिनीहरूकै सहायताका लागि उनी फर्किएको बीबीसीले उल्लेख गरेको छ ।

यसैबीच नजिकैको कुन्दुज सहरमा सयौं सरकारी सेनाले त्यहाँको विमानस्थलमा लडाकुहरू समक्ष आत्मसमर्पण गरेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले यसै साता उक्त देशबाट अमेरिकी फौज फिर्ता गर्ने आफ्नो निर्णयप्रति पछुतो नभएको बताएका थिए । यद्यपि बाइडेनले आफ्नो देशका लागि लड्न अफगान नेताहरूलाई एक हुन आह्वान गरेका थिए ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/१०/१४ मा दर्ता भएको **प्रा.लि. नं. ४२८१२** को **वेदरन्यूज नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०४/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०४/२९

यस कम्पनीको मिति २०७८/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिसन जननी जयती गु. वि. न. (गु.वि. नजनी नं. २६२३९९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मिसन जननी जयते गु. वि. न.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

**रिलायन्स नेपाल इन्टरनेशनल ओभरसिज प्रा.लि. को सार्वजनिक सूचना**

**यस रिलायन्स नेपाल इन्टरनेशनल ओभरसिज प्रा.लि. (वैदेशिक रोजगार ईजाजत नं. ८८२)** ले वैदेशिक रोजगार ऐन २०६४ बमोजिम जम्मा गर्नुपर्ने बैंक ग्यारेन्टी र नगद धरौटी जम्मा नगरी स्वेच्छिक खारेजीमा गएको र सोही बमोजिम यस प्रा.लि. को कम्पनी रजिष्ट्रार कार्यालय समेतबाट कानून बमोजिम कम्पनी खारेज समेत भई प्रा.लि. को नाउँमा साविकमा रहेको बैंक र नगद धरौटी फुकुवाको लागि श्री वैदेशिक रोजगार विभाग बुद्धनगरबाट कारवाहीको प्रक्रियामा रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं । अतः यस प्रा.लि. वैद्यानिक तवरबाट वैदेशिक रोजगार ईजाजत पत्र रद्द र प्रा.लि. को दर्ता खारेज समेत भई सकेको अवस्थामा यदी कोही कसैले यस प्रा.लि. को नाममा कुनै पनि किसिमको वैदेशिक रोजगारीको शिर्षकमा काम कारोबार नगर्न नगराउन र गरेको पाइएमा निज सोयम जिम्मेवार हुनुपर्ने पनि यसै सार्वजनिक सूचनाद्वारा सुचित गराउदछौं ।

**संचालक समिति**
**रिलायन्स नेपाल इन्टरनेशनल ओभरसिज प्रा.लि.**
**(साविक संचालक समिति)**

---

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **स्पिड इम्प्लोइमेन्ट सर्भिस प्रा.लि. (ई.प.नं. ४५३)** ले आफ्नो कार्यालयको साविक ठेगाना काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २९ बाट परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २६ कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

## साउदीमा रोजगार | १. कम्पनी : AL MAJD BUSINESS COMPANY FOR INDUSTRY शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७७/१२/०१ चलानी नं.: ६०१५५४७० LT. No.: 237340 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 11 | 0 | | 1300 | ४१,१८४ | | | | | | | |

२. कम्पनी : FIRDOUS NAJAD COMPANY LIMITED शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०१/०२ चलानी नं.: ६०१५७३८५ LT. No.: 239229 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Achievement Wonderful Operation and Maintenance Corporation शहर : Saudi

पूर्व स्वीकृत मितिः २०७७/१२/२६ चलानी नं.: ६०१५७०४३ LT. No.: 238855 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०४ गते (20 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

---

## साउदीमा रोजगारको अवसर | कम्पनी : CORNER ARAM FOUNDATION शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/२८ चलानी नं.: ६०१६१४०६ L.T. No.: 243462

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee And Tea Maker | 1 | 0 | | 1300 | ४१,१८४ | | | | | | | |
| 3. | Confectionary Maker | 1 | 0 | | 1300 | ४१,१८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०४ गते (20 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Dhapasi Marg-Ward No:03, Basundhara
Tel: 01-4379749, 01-4379162, 01-4379450
Email: applyvnv@gmail.com | URL: www.vnvnepal.com
License No.: 822|066|067

---

## साउदीमा रोजगार | कम्पनी : MOHAMAD HASAN AL-NAQOOL SONS COMPANY LTD शहर : Dammam

पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६१४०१ L.T. No.: 243601

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Pump Operator | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Product Maker | 1 | 0 | | 2500 | ७९,२०० | | | | | | | |
| 3. | Truck Driver | 7 | 0 | | 1800 | ५७,०२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०४ देखि ९ गते सम्म (20 to 25 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alert Overseas Pvt. Ltd.**
Govt. Lic No. 1240/074/075
Tokha Road Samakhusi, Kathmandu Nepal, Tel: 4362382
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np

---

## कतारमा रोजगार | कम्पनीः QATAR INTERNATIONAL CLEANING AND TRADING CO शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०१/१२ चलानी नं.: ६०१५७९७७ LT. No.: 239799 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker (Female) | 0 | 2 | | 1100 | ३४,७९३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०४ गते (20 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्सः ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

---

## साउदीमा रोजगार | कम्पनी : NAIF HUSSAIN HAMAD AL-YAMI CONT.EST शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१८ चलानी नं.: ६०१५२७३१ L.T. No.: 234295 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ४ गते (20 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Krisha International Employment Service Pvt. Ltd.**
Gov. Lic No. 1297/074/075
Sinamangal-09, Kathmandu, Nepal
Tel: +977- 1- 4487145, Email: krishaintl2017@gmail.com

---

## साउदीमा रोजगार | कम्पनी :SARAH ABDULLAH DAFYAN AL-MUTAIRI FACTORY FOR INDUSTRY शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६१३९७ LT. No.: 243512

